अब अभियान साप्ताहिक वेवसाइडमा
www.nipalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २७ अङ्क : ४२ २०६७ जेठ २८ गते शुक्रबार (June 11, 2010) मूल्य रू. ५/-

## बजेट अधिवेशन संकटमा

काठमाडौं / हिउँदे अधिवेशन आफूसँग छलफल नै नगरी अन्त्य गरेको भन्दै आक्रोशित माओवादीले बजेट अधिवेशन बोलाउने सम्बन्धमा मौनता साँधे पनि अब बस्ने संसद् बैठकमा व्यापक विरोध कार्यक्रम गर्ने जनाएको छ । माओवादीले व्यापक विरोध गर्ने भएपछि बजेट अधिवेशन संकटमा पर्ने निश्चित छ ।

अधिवेशन बोलाउने सम्बन्धमा अध्यक्ष सुभाष नेम्बाङ्ग व्यापक सक्रिय भएका छन् । उनले राष्ट्रपति, प्रधानमन्त्री, माओवादी अध्यक्ष प्रचण्डलाई समेत भेटिसकेका छन् । यसरी बजेट अधिवेशन पनि अनिर्णयको बन्दी भएपछि राष्ट्रिय सरकार, सेना समायोज, शान्ति र संविधान कसरी सम्भव होला ? जसरी विगत २ वर्ष ६०१ सभाषद्ले गफ गरेर सिध्याए, त्यसैगरी थपिएको एक वर्ष पनि सिद्धिने र संविधान नबन्ने आशंकाहरू बढ्न

(बाँकी अन्तिम पेजमा)

# माओवादीका कारण सरकारको आयु लम्बिदैछ

काठमाडौं / कांग्रेस र एमालेको प्रस्तावमा माओवादीले असहमति जनाएर आफ्नै लिडे ढिपी राखेका कारण



जेठ १४ गते ३ बूँदे सहमति गरेर ५ दिनभित्र प्रधानमन्त्रीले राजीनामा गर्ने भनेपनि माकुने सरकार सत्ताबाट हट्ने र राष्ट्रिय सहमतिको सरकार बन्ने वातावरण अझै बन्न सकेको छैन ।

सत्तारुढ कांग्रेस र एमालेले ४ हजार लडाकू सेनामा समायोजन गर्ने र बाँकीलाई विभिन्न विकल्प रोज्न दिने, शिविर खाली गर्दै बाईसीएलको अर्धसैनिक संरचना विघटन गर्ने । कब्जा गरिएका घरजग्गा फिर्ता दिने र शान्ति तथा संविधानमा लिखित प्रतिबद्धता माओवादीले जनाउनु पर्ने प्रस्ताव गरेको



छन् । यो प्रस्तावयलाई माओवादीले आंशिक स्वीकार गर्दै सेना समायोजन समूहगत हुनुपर्ने दावी दोहोऱ्याएर सहमतिका लागि अवरोध खडा गरेको छ । यो अवरोध हट्नु माओवादीले ठूलो दलको हैसियतमा राष्ट्रिय सरकरको नेतृत्व आफूले गर्न पाउनु पर्ने माग गर्दै बरु पार्टीबाट नेतृत्वको विकल्प खुला गर्ने इशारा पनि गरेको छ । कांग्रेस र एमालेमा पनि सरकारको नेतृत्व गर्ने विषयमा अदृश्य प्रतिस्पर्धा छ । सम्भवत: कांग्रेसले सरकारको नेतृत्व गर्ने र माओवादीलाई केही महत्वपूर्ण मन्त्रालय दिनेसम्मका कुरा पनि अघि बढेका छन् । सरकराको नेतृत्व नमिल्दा सेना समायोजनमा गएर विवाद बढेको छ । आफ्नो प्रस्तावका सम्बनधमा कांग्रेस र एमालेले वार्ता गरिरहेका छन् । एउटा निकास निस्कने सम्भावना बढ्दै गएको छ ।

सरकार जसरी बने पनि सरकारको

(बाँकी अन्तिम पेजमा)

## नेम्बाङ्गज्यू तपाई असफल हुनु भएन त ?

काठमाडौं / संविधान सभाका अध्यक्ष सुभाष नेम्बाङ्गले संविधान निर्माणको कार्य ८० प्रतिशत पूरा भएको बताइरहँदा उनको सफेद झुटको रहस्य खुलेको छ । संविधानसभाको कार्यतालिका रहेका १७ वटा कार्यतालिका मध्ये ६ वटा मात्र सम्पन्न भएका छन् । संविधानसभाले ८२ हप्तामा ९९ पटक बैठक बसेर ६ वटा कार्य तालिका पारित गरेको संविधान सभाले अब एक वर्ष भीत्रमा कसरी ११ वटा कार्यतालिका परित गर्न सक्छ ?



संविधानसभा आफैंले बनाएको कार्यतलिका अनुसार एक वर्षभित्रमा कुनै हालतमा पनि संविधान बन्न सक्ने अवस्था छैन । अहिलेकै कार्यतालिका अनुसार कार्य अगाडी बढ्ने हो भने १९

(बाँकी अन्तिम पेजमा)

# कांग्रेसका तीन नेता तीनतिर

अभियान संवाददाता

काठमाडौं / संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तीन ठूला दलहरू एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेबीच जेठ १४ गते मध्यरातमा भएको तीनबूँदे सहमतिअनुसार प्रधानमन्त्री माधवकुमार नेपाल राजीनामा दिन तयार भएपनि तीन राजनैतिक दलहरूबीच ठोस कुरामा सहमति हुन सकेको छैन । समस्याको जड पत्तै नलगाइकन गरिएको तीन बूँदे सहमतिले गर्दा राजनैतिक दलहरू अझ समस्यमा जाकिएका छन् । एकीकृत नेकपा माओवादीका पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन, माओवादीद्वारा कब्जामा लिइएका सम्पत्ति घरजग्गा फिर्ता र माओवादीको भातृसंगठन वाईसीएलको अर्धसैनिक संरचना भङ्ग नभइञ्जेलसम्म जस्तो सुकै सहमति गरेपनि मुलुकले सही निकास पाउन सक्दैन ।

शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि पनि माथि उल्लेख गरिएका विषयहरूको समाधान हुनैपर्दछ । तोकिएको समयमा संविधान लेखन किन सकिएन, त्यसका कारकतत्वहरू के के हुन भनेर पहिला नै राजनैतिक दलहरूले सहमतिको प्रयास नगरेको खण्डमा जसको नेतृत्वमा सरकार बने पनि त्यो सरकार पनि माकुने सरकार जस्तै मात्र हुन्छ, अर्थात् केही नयाँ मानिसहरूले मन्त्रीको जागिर पाउने बाहेक जनताको लागि केही हुनसक्दैन । माथि उल्लेख गरिएका सबै विषयहरूमा खास गरेर तीन दलबीच सहमति भएको खण्डमा माओवादी उपाध्यक्ष डा.बाबुराम भट्टराईको नेतृत्वमा सरकार गठन भए सबैभन्दा राम्रो विकल्प हुनसक्छ । संसदमा सबैभन्दा ठूलो दल भएको नाताले माओवादीले नै सरकारको नेतृत्व लिनु उपयुक्त हुन्छ । माओवादी अध्यक्ष

(बाँकी अन्तिम पेजमा)

# जानेबेलामा महतोद्वारा लुट

अभियान संवाददाता

काठमाडौं / सरकारले केही समय पहिला एकीकृत भू-उपयोग नीति नबनेसम्म सरकारी स्वामीत्वका सघंसस्था तथा सरकारी गुठीका जग्गाहरू विक्रीवितरण, भाडा र भोगाधिकारका लागि नदिने निर्णय गरेपनि उक्त निर्णयलाई धोती लगाउँदै वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत पर्ने नेशनल ट्रेडिङ्ले सिंहदरबार अगाडि रहेको आफ्नो जग्गा ३३ वर्षका लागि भाडामा दिने निर्णय गरेको छ । सरकार परिवर्तनको संघारमा पुगेको बेला वाणिज्य तथा आपूर्ति मन्त्री राजेन्द्र महतोको ठाडो दबाबमा सरकारको मुख्य प्रशासनीक केन्द्र रहेको सिंहदरबार अगाडि १५ तल्ले भवन बनाउने उदेश्यका साथ जग्गा भाडामा दिइनु आर्थिक लेनदेन रहेको प्रष्ट हुन्छ ।

नेशनल ट्रेडिङ व्यवस्थापनले जेठ १६ गते सिंहदरबार पश्चिम ढोका अगाडीको करिब २६ रोपनी जग्गामा व्यवसायिक भवन बनाउन टेण्डरमा तेस्रो नम्बरमा परेको दीपक भट्टको इन्फिनिटी इन्फ्रास्टक्चर' कम्पनीसँग सम्झौता गरेको छ । दीपक भट्ट भन्ने व्यक्ति ठेक्का पट्टामा विवादास्पद व्यक्ति

(बाँकी अन्तिम पेजमा)

# माडीमा 'कालोदिन'को शोक सभा

काठमाडौं / जेठ २३, ५ वर्ष अधिको आइतबार माओवादीले सार्वजनिक बसमा एम्बुस थाप्यो र पड्कायो, ३८ जना ठाउँको ठाउँ मरे जो बाँचे तिनीहरू निसहाय, आपङ्ग, बालबालिका बाचे । त्यही कालो दिनको सम्झानामा गत आइतबार बाँदरमुढे हत्या काण्डको सम्झनामा चितवनको माडीमा शोकसभा गरियो र आमजनताले माओवादीलाई मरीजा भनेर धारेहात लगाए, सरकारमाथि खोइ राहत ? भनेर आक्रोस पोखे ।

माओवादीले सरकार चलायो । ९ महिने शासनकालमा १ मिनेट पनि त्यो हत्याकाण्ड सम्झेन माओवादीले ।

(बाँकी अन्तिम पेजमा)

# अपहरण काण्डको रहस्य के ?

काठमाडौं / डा.भक्तमान श्रेष्ठलाई जेष्ठ ४ गते अपहरण गरेर २१ गते मुक्त गरियो । यो अपहरण काण्डमा माओवादी मानसिक रुपमा दोषी देखियो । देशका गृहमन्त्रीदेखि प्रधानमन्त्री समेतले माओवादीमाथि शंका गरे । अझै पनि यो अपहरण माओवादीले नै गरेको हो भन्ने विषयमा शंका जारी नै छ ।

यो अपहरणमा नेपाल हिन्दू जनता पार्टीले गरेको भनियो । यो कुन पार्टी हो, नेतृत्व कस्को हो ? अत्तोपत्तो छैन । अहपरणकारीले मनचिन्ते पार्टी बनाएको हुनुपर्छ भन्ने अनुमान गरिएको छ । देशका गृहमन्त्री भीम रावलले घोषणा

(बाँकी अन्तिम पेजमा)

# सुजातालाई दुईटा साँढे !!

शाश्वत शर्मा

भनिन्छ, जो जस प्रति बढि आशक्त हुन्छ, त्यसलाई त्यस्तै आईलाग्छ (रे) सन्दर्भ सुजाता जोष्टसँग सम्बन्धित छ । बाबु गिरिजाले परलोकको बाटो तताएपछि करिब करिब गुमनाम झै ( मिडीयाहरूबाट) रहेकी 'म्याडम' सुजाता गत जेठ १५ गते एकाएक मिडीयामा छाइन्- त्यो पनि 'उच्च नश्ल' का दुईटा साँढेका साथ । अब सोध्नेले सोध्लान कि, सुजाता र 'साँढेको' बीच त्यस्तो के चै सम्बन्ध छ त भनेर ?...तर होइन सम्बन्ध छ । सुजाता र 'साँढे' का बीचमा के कस्तो सम्बन्ध छ ? भन्ने कुरा उनका नजिकका 'अनुभवी' कांग्रेसीहरूलाई राम्ररी थाह छ । ...त्यसै कारणले नै होला एकताका सुजाताको एकदमै निकट सहयोगी भएर काम गरिसकेका र त्यस पछि उपेन्द्र यादवको पछि लागेर तराईमा मधेशी आन्दोलन चर्काउन सफल भएका र अहिले चै विवादास्पद बाबा रामदेवको नेपाल स्थित पतन्जली योग पीठको प्रमुख (!) भई काम गरिरहेका इन्जिनियर शालीकराम सिंहले दुईटा 'साँढे' लाई 'सुजाता मैयाँ' सँग झोसी दिएका... माफ गर्नु होला... हस्तान्तरण गरिदिएका !!...अनि ति सिंह जीलाई पनि त थाहा छ नि सुजाता मैयाँलाई के....भनेर ? ...पुरानै 'सहयोगी' त हुन्- सिंह जी पनि !! त, दुईटा 'साँढे'का साथ चर्चामा आएकी सुजाता मैयाँ, यो 'साँढे काण्ड' भन्दा अघि पनि आफ्ना भ्रष्टाचारी र राष्ट्रघाती बाबु गिरिजालाई त्यो भाँडतन्त्र (गणतन्त्र) दिवसका अवसर पारेर दिइएको कथित 'राष्ट्र गौरव' पदकलाई लिएर चर्चामा नआएकी चै होइनन् है !!...गिरिजालाई दोस्रो दर्जाको पदक दिइयो रे !! ...ठूलो गुनासो छ, यी सुजातालाई- यस्मा !! गणेशमानलाई पहिलो दर्जाको 'नेपालरत्न' (!!) र नेपाललाई यो दुरावस्थामा पुऱ्याउने धुन्धुकारी गिरिजालाई चै, 'राष्ट्र गौरव' मात्रै !! बुद्धिहिन तर भ्रष्टाचार गर्न माहिर

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# तीन बूँदे सहमति अर्थ न बर्थ

*संविधानसभाले तोकिएको समय अर्थात् २०६७ जेठ १४ गते भित्रमा संविधान निर्माण गर्न नसकेपछि मध्यरातमा तीनदलको सहमतिमा संविधान सभाको पदावधि एक वर्ष थपिएको छ । तीन ठूला दलहरूको अकर्यमण्यता र नालायकीपनकै कारण संविधान निर्माण हुन नसकेपछि आफूले आफ्नो पदावधि थपेर आफूहरूलाई टिके सांसद भन्न किन संविधानसभाका सभासषद्हरू तयार भए होलान् ? अहिले जनताले त्यसको उत्तर खोजी रहेका भएपनि त्यसको उत्तर दिन न त संविधानसभाका अध्यक्ष सुभाष नेम्बाङ्ग तयार छन् न त राजनीतिक दलका नेताहरू नै । जनताले दुई वर्षे म्योडर दिएर दुई वर्षका लागि आफ्ना प्रतिनिधिहरू छानेका थिए । दुई वर्षे कार्यकाल पछि स्वत: उनीहरू मुक्त हुने प्रवाधान नेपालको अन्तरिम संविधान मै व्यवस्था गरिएको थियो । पहिला नै आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरिसकेका सभाषद्हरूले कसैलाई नसोधी आफूले आफ्नै पदावधि थप्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान भएको छ । विश्वको प्रजातान्त्रिक अभ्यासलाई अपेक्षा गर्दै, जनतालाई देखाएर आफूले आफ्नै पदावधि थप्नु आफैंमा रहस्यमय बनेको छ ।*

*दुई वर्षसम्म संविधानसभाले दलहरूबीच भएको आरोप प्रत्यारोपका कारण मूलभूत मुद्दाहरूमा कुनै ठोस् निष्कर्ष निकाल्न सकेको छैन् । स्वयं संविधानसभाका अध्यक्ष सुभाष नेम्बाङ्गले संविधान निर्माणको कार्य ८० प्रतिशत सकिएको उद्घोष गरेपनि उनको उक्त घोषणलाई स्वीकार गर्न सकिने अवस्था छैन । साना-तिना भिना-मसिना कुराहरूमा सहमति गरेर मुलुकलाई दुरगामी असर पर्ने खालका मुद्दाहरूका बारेमा जनतालाई नसोधीकन दलगत स्वार्थका लागि सहमति गरीएको खण्डमा त्यो नेपाली जनताको लागि स्वीकार्य हुन सक्दैन । दुई वर्षे पदावधि सकिएपछि टिके सांसदहरूले गरेका निर्णयहरू नेपाली जनताले मान्नु पर्दछ भन्ने कुनै कानूनी बाध्यता छैन । मुलुक संघीयतामा गएपछि अनेक प्रकारका समस्याहरू उत्पन्न हुन्छन् । संघीयता कस्तो हुने, राज्य पुनर्संरचना कस्तो हुने, न्यायालयको स्वरुप कस्तो हुने, आर्थिक स्रोतको बाँडफाँड कस्तो हुने, राष्ट्रपति प्रणाली हुने कि प्रधानमन्त्री प्रणाली हुने, प्रदेशको सीमा निर्धारण कसरी गर्ने, संविधानको अन्तिम व्याख्या संसदले गर्ने कि सर्वोच्च अदालतले गर्ने भन्ने विषयमा ठूला दलहरू नै सहमतिमा आउन नसकिरहेको अवस्थामा संविधान निर्माणको कार्य ८० प्रतिशत सकियो भन्नु सम्पूर्ण नेपाली जनतालाई ढाँट्नु र गुम्राहामा पार्न खोज्नु बाहेक अन्य केही हुन सक्दैन ।*

*संविधानसभा अन्तर्गत गठन भएका एघार वटा समिति मध्येका आठवटा समितिहरूले अहिलेसम्म आफ्नो प्रारम्भिक प्रतिवेदन संविधानसभालाई बुझाउन सकेका छैनन् । संविधानसभाले समिति मार्फत् आएका प्रतिवेदनहरू संविधानसभाको पूर्ण बैठकमा छलफल र बहस गरेर त्यसलाई स्वीकृत गरेर संवैधानिक समितिमा पठाउनु पर्ने कानूनी व्यवस्था भएपनि आजका मितिसम्म त्यो कार्य हुन सकेको छैन । यी कार्यहरू बाँकी रहेको बेला कसरी संविधान निर्माणको ८० प्रतिशत कार्य सकियो त ? संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तीन ठूला दलहरूको हेपाहापन र अकर्मण्यताका कारण अन्य वाईसदल पनि अनिर्णयको बन्दी बनाइएका छन् । ति दलहरूको अनिर्णयको बन्दी सिङ्गो मुलुक बनेको छ । तीन ठूला दलहरू सत्ताको पेरीफेरीमै रमाउन खोजेका र सत्ता निर्माणको कार्यलाई पहिलो प्राथमिकतामा राखेकै कारण संविधान निर्माण हुन नसकेको सत्य वास्तविकतालाई तीन दलहरूले स्वीकार गर्न नसक्नु भनेको मुलुकको लागि दुर्भाग्य सावित हुनु नै हो । एकले अर्कोलाई आरोप प्रत्यारोप लगाउँदै यी तीन दलहरू यसरी नै अगाडी बढेको खण्डमा थपिएको एक वर्षसम्ममा पनि संविधान बन्न सक्ने अवस्था छैन् ।*

*जेठ १४ गते तीन दलबीच भएको ३ बूँदे सहमति पनि सहीरुपमा प्रयोग हुन सकेने । तीन दलहरूले एक अर्कालाई ३ बूँदे सहमतिको उल्लंघन गरेको आरोप लगाइरहेका छन् । एकीकृत नेकपा माओवादीले पहिला प्रधानमन्त्रीको राजीनामा र नेपाली कांग्रेस र नेकपा एमालेले प्याकेजमै ३ बूँदे सहमतिको पालना हुनुपर्दछ भन्ने अडानका कारण ३ बूँदे सहमति पनि कार्यान्वयन हुन सक्ने अवस्था छैन । शान्ति प्रक्रियालाई सही रुपमा निष्कर्षमा पुऱ्याउने हो भने पहिला माओवादीका पूर्व लडाकूहरूको व्यवस्थापन र समायोजन नगरिएको खण्डमा कुनै हालतमा पनि संविधान नबन्ने र शान्ति प्रक्रिया निष्कर्षमा नपुग्ने अवस्थाको सिर्जना भएको छ । यसरी मुलुकका सही समस्याहरूको समाधान नगरी जालभेल गरेर फेरी अर्को सहमतिको नाटक मञ्चन भएपनि त्यसलाई कसैले आश्चर्य नमाने हुन्छ भन्ने हामीले ठानेका छौं । माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन नभई राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नु भनेको अन्य दलहरूको लागि आत्माहत्या सहर हुनेछ भने हामीले महसूस गरेको छौं ।*

# के टिके सांसदहरूले संविधान बनाउलान त ?

**– देवेन्द्र चुडाल –**

दुई वर्षसम्म भाँडभैलो मच्चाए बसेका संविधानसभाका पच्चीस दलहरू मध्येका तीन ठूला दल एकीकृत नेकपा माओवादी, नेकपा एमाले र नेपाली कांग्रेसबीच भएको तीनबूँदे सहमतिको मसी सुक्न नपाउँदै राष्ट्रिय सहमतिको कुरा गरेर एकले अर्को दललाई भुक्याउने र फसाउने खेलमा दलहरू लागेपछि त्यो सहमति पनि हावामै उडेको छ । सहमतिका नाममा सहमति गर्ने, तर कहिल्यै पनि त्यस्ता सहमतिहरू लागू नगर्ने राजनैतिक दलहरूको पुरानो रोगले गर्दा तीन दलबीचको सहमति कागलाई बेल पाक्यो हर्ष न विस्मातजस्तो मात्र भएको छ । मृत्युशैयामा पुगेको संविधानसभाको पदावधि एक वर्षसम्म लम्ब्याउनका लागि तीन ठूला दलहरूले अन्य साना दलहरूको सहमति लिने प्रयाससम्म नगरेर अब तीनदलीय तानाशाही अधिनायकवादी प्रवृत्ति जनतामा लाद्न खोजेका हुनाले अब मुलुक गृहयुद्धको भूमरीमा फस्ने प्राय: निश्चित देखिएको छ । जनताले दुई वर्षका लागि संविधानसभामा पठाएका सभाषद्हरूले आफ्नो पदावधि आफैं थपेर सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान गरेका छन् । संविधानसभाको पदावधि थपिएपछि अब स्वत: सभाषद्हरू टीके सभाषद् भएका छन् । दुई वर्षे कार्यकालमा संविधान निर्माण गर्दछौं भनेर दुई वर्षअगाडि आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरिसकेका सभाषद्हरूले कुनै हालतमा पनि संविधानसभाको पदावधि थप्नु उचित थिएन, तर लोभलाग्दो तलबभत्ता र जनतामा रवाफ देखाउनैका लागि उनीहरूले आफ्नो पदावधि आफैं थपे, प्रजातन्त्रका लागि यो भन्दा लाजमर्दो र लज्जाजनक विषय केही हुन सक्दैन ।

जेठ १४ गतेको घटनाले जनता अभै पनि सार्वभौमसत्ता सम्पन्न नभएको प्रष्ट हुन्छ । कुनै विषयमा ठूलो विवाद आएको खण्डमा संविधानसभाको पदावधि सकिनुअगाडि नै निर्वाचन गराएर वा जनताको स्वीकृति लिएर त्यस्ता मुद्दाहरूको छिनोफानो गराउने अन्तर्राष्ट्रिय चलन र अभ्यासलाई समेत दलहरूले लत्याएका छन् । समयमै संविधान बन्न नसकेपछि संविधान बनाउन देखिएका मुद्दाहरूका बारेमा निर्वाचनमा जानु पदर्थ्यो । तर, त्यसो गरिएन, निर्वाचन खर्चिलो र भण्भटिलो भए पनि निर्वाचनमा गएको भए जनता सार्वभौमसत्ता सम्पन्न भएको ठहरिन सक्थ्यो र त्यसले वैधानिकतासमेत पाउन सक्थ्यो । त्यसले गर्दा संविधानसभाले नयाँ उर्जा र नयाँ गति लिन सक्थ्यो, तर त्यसतर्फ जान तीन ठूला दलहरू तयार नहुनु र टीके सांसद्हरूबाटै संविधान निर्माण गर्नखोज्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान र जनता भनेका दास हुन् भन्न खोजिनुबाहेक अन्य केही हुन सक्दैन । संविधानसभाको उर्जा भनेको जनताको विश्वास र ताजा जनादेश नै हो । ताजा जनादेश लिएको भए संविधान निर्माणमा जनताको सहभागिता हुने थियो भने अन्तर्राष्ट्रिय मान्यतासमेत पाउन सक्थ्यो । म्याद सकिएको संविधानसभाको पदावधि थप्दैमा अहिलेको संविधानसभामा कुनै नयाँ उर्जा र गति छैन । जनताले संविधानसभाका सदस्यहरूलाई टीके सांसद् भन्न थालेका हुनाले अब जनताले यी टीके सांसद्हरूलाई विश्वास गर्नसक्ने कुनै आधार देखिएको छैन । यस्तो जटिल परिस्थिति र टीके सांसद्हरूले बनाएको संविधानले सम्पूर्ण नेपाली जनताको भावना कदर गर्न नसक्ने भएको हुनाले अब बन्ने नयाँ संविधानले पनि जनताका समस्याहरूको समाधान गर्नुको बदला समस्यै-समस्या जन्माउन सक्ने भएको हुनाले नयाँ संविधान सम्पूर्ण नेपाली जनताको संविधान नभएर टीके सांसद्हरूको मात्र संविधान हुने प्राय: निश्चित रहेको छ ।

शासकीय स्वरुप, राज्य पुनर्संरचना, संसद्को स्वरुप, अदालतको स्वरुप र गठन, केन्द्र र प्रदेशबीच प्राकृतिक साधन-स्रोतको बाँड्फाँड कसरी गर्ने, राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक अधिकारहरू, आत्मनिर्णयको अधिकार र सरकारी कामकाजको भाषा के हुने भन्ने विषयमा दुई वर्षसम्म कुनै निर्णय हुन नसकेको अवस्थामा त्यस्ता मुद्दाहरू संविधानसभाबाट निर्णय गराउनुभन्दा ताजा जनादेश लिएर जनताबाटै छिनोफानो गरेको भए त्यसले अन्तर्राष्ट्रिय मान्यतासमेत पाउन सक्थ्यो । तर, त्यसो नगरी टीके संविधानसभाबाट निर्णय गराउने प्रयासमा दलहरू लागेका हुनाले भविष्यमा पनि माथि उल्लेखित विषयहरूका बारेमा जनतामा प्रश्न उठ्न सक्छ, त्यसबेला दलका नेताहरूले जनतालाई चित्तबुझ्दो उत्तर दिनसक्ने अवस्था नै रहँदैन । तसर्थ ताजा जनादेशको विरोध गर्नेहरूले माथि उल्लेख गरिएका विषयहरूका बारेमा चित्तबुझ्दो जवाफ दिएर जनताको विश्वास जित्नसक्ने आधार के ? सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले मत हालेर आफ्नो प्रतिनिधि रोज्न पाउने अधिकार खोस्ने अधिकार न त संविधानसभाले रोक्नसक्छ, न त राजनैतिक दलहरूले नै । राष्ट्रिय सहमति गरेको नाटक मञ्चन गरेर तीन ठूला दलहरूले नै जनताका अधिकार कटौती गरेका हुनाले अब यिनै तीन ठूला दलका विरुद्ध जनता उत्रनुबाहेक अन्य विकल्प बाँकी रहेन । संविधान बनाउने ठूला नेताहरूको संसद्मा उपस्थिति न्यून हुनुले प्रष्ट हुन्छ, उनीहरू संविधान निर्माणमा भन्दा सत्ताको पेरिफेरिमै रमाउन चाहेका छन् । उनीहरूको प्राथमिकतामा संविधान निर्माण परेको छैन । संविधानसभाका २१ वटा समितिमध्येका ८ वटा समितिका प्रारम्भिक प्रतिवेदनहरू त्यत्तिकै थन्किएर रहेका छन् । त्यस्ता प्रतिवेदनहरू संविधानसभामा छलफल गरेर संवैधानिक समितिमा पठाउन कुनै पहल गरिएको छैन । संवैधानिक समितिले तीनवटा समितिका मात्र प्रतिवेदनहरू पाएको हुनाले ऊ अहिले कामै नपाएको केवल तलबभत्ता खाने अखडामात्र बनेको छ । कामै नपाएपछि संवैधानिक समितिका बैठकै बस्न नसक्नु प्रजातन्त्रको धज्जी उडाउन खोज्नु नै हो ।

संविधानसभामा उपस्थित भएका दलहरूले पहिला नै सहमतिय पद्दतिमा सहमति गर्ने गरेका भए अहिलेको जस्तो समस्या नै आउने थिएन । तर, राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री नियुक्त गर्दा बहुमतिय पद्दति लागू गरेर दलहरूले भूल गरेका थिए । अहिलेको आवश्यकता भनेको सहमतिय पद्दती नै हो, यदि मुलुक फेरि बहुमतीय पद्दतिमा गए अबको एक वर्षभित्रमा पनि कुनै हालतमा संविधान बन्न सक्दैन, एक वर्षभित्रमा संविधान निर्माण हुने ग्यारेन्टी कसले दिने ? दुई वर्षभित्रमा संविधान निर्माण हुन नसकेपछि दलका नेताहरूले जनतासामु माफी माग्ने हिम्मत देखाउन सक्नु पर्दथ्यो । तर, त्यस्तो हिम्मतवाला नेता कोही देखिएनन्, न त संविधानसभाका अध्यक्षले नै त्यो साहस देखाउन सके ? यसरी दलहरूले जनतालाई सत्तामा पुग्ने भऱ्याङ्गमात्र बनाएको विस्तारै प्रमाणित भएको छ । एक दलले अर्को दललाई आरोप-पत्यारोप गरेर जनतालाई उल्लु बनाउनैका लागि दलहरू सक्रिय भएका छन् । जनतालाई अर्को मार्गतिर फर्काएर दलहरू अन्तिम समयमा आएर फेरि एकजुट हुने र त्यसबेला जनताको हितभन्दा पार्टीगत स्वार्थकै लागि सहमति गर्न पछि पर्दैनन् भन्ने प्रमाण जेठ १४ गते मध्यरातमा भएको तीन दलको सहमतिले नै प्रमाणीत गर्दछ ।

नयाँ संविधान निर्माण र लागू भएपछि मुलुकबाट दण्डहीनताको अन्त्य हुने आशा जनताले गरेका थिए, अफसोच तोकिएको समयमा संविधान निर्माण गर्न राजनैतिक दलहरू असफल सावित भए, संविधान निर्माण गर्न १० दिनमात्र बाँकी रहँदा भरतपुर अस्पतालका डा.भक्तमान श्रेष्ठ अपहरणमा परे, १९ दिनपछि उनलाई सकुशल मुक्त गराएर अपहरणकारीहरूले सरकारलाई खुल्लारुपमा च्यालेञ्ज नै दिए । डा.श्रेष्ठलाई अपहरण गर्ने नेपाल हिन्दू जनता पार्टी नामक संगठनलाई दोषी ठहऱ्याए पनि आजसम्म उक्त पार्टी अस्तित्वमा नरहेको हुनाले कसैको दबाबमा श्रेष्ठलाई त्यो बोल्न लगाइएको अनुमान सजिलै गर्न सकिन्छ । अस्तित्वमै नरहेको पार्टी अपहरण गऱ्योभन्दा कसैले विश्वास गर्नसक्ने आधार छैन । डा.श्रेष्ठको अपहरणमा माओवादीको संलग्नता हुनसक्ने अवस्था देखिएपछि माओवादीको नेतृत्व नेता अमिक शेरचनको संयोजकत्वमा एक छानविन समिति बनाउन बाध्य भयो । उक्त समितिले आफ्नो प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको ८ घण्टा नबित्दै डा.श्रेष्ठ अपहरणमुक्त हुनुले माओवादीले नै अपहरण गरेको हुनसक्ने अनुमान गर्न सकिन्छ । डा.श्रेष्ठ मुक्त भएपछि नेता शेरचनले दिएका अभिव्यक्तिहरू शंकास्पद रहेका छन् । त्यसैक्रममा माओवादीका उपाध्यक्ष डा.बाबुराम भट्टराईले समेत श्रेष्ठका परिवारलाई भेटेर श्रेष्ठ छिट्टै मुक्त हुने र उनी सकुशल रहेको बताएका थिए, ठ्याक्कै त्यसैसँग मिल्नेगरी अमिक शेरचनले अभिव्यक्ति दिनु र श्रेष्ठका बारेमा आफूलाई जानकारी भएको बताउनुले डा.श्रेष्ठको अपहरणमा माओवादी नै संलग्न रहेको प्रमाणित भएको छ । नत्र शेरचनलाई श्रेष्ठका बारेमा कसरी थाहा भयो ? माओवादीका कार्यकर्ताहरूले विभिन्न समयमा विभिन्न व्यक्तिहरूलाई अपहरण गर्ने गरेका र केहीको ज्यानसमेत लिए पनि माओवादीको नेतृत्वले पहिला नै त्यसलाई स्वीकार गर्ने गरेको छैन । अहिले पनि माओवादी नेतृत्वको दबाबमा परी डा.श्रेष्ठले नामै नसुनेको काल्पनिक पार्टीले आफूलाई अपहरण गरेको भन्नुमा पनि शंका गर्ने प्रशस्त आधारहरू रहेका हुनाले अपराधीहरू को हुन्, कुन पार्टीसँग आवद्ध छन् भनेर जनतालाई जानकारी गराउनु सरकारको नैतिक दायित्व र कर्तव्य हो । प्रहरी-प्रशासनसमेत यस काण्डमा नराम्रोसँग फसेको छ । प्रहरी प्रवक्ताले सीधै भूठ बोलेर जनतालाई गुमराहमा पार्नखोज्नुको उद्देश्य के ?

# संविधानसभा र जेठ १४ पछिको वैधानिकता

*रोशनकुमार झा*

संविधानसभा संविधान निर्माण गर्ने प्रजातान्त्रिक पद्धति हो। सामान्यता मुलुकको मूल कानून अथवा संविधान बनाउनका लागि गठित जननिर्वाचित प्रतिनिधिहरूको बृहत् सभालाई संविधानसभा भनिन्छ। यसलाई अँग्रेजीमा Constituent Assebly भनिन्छ। Constituent को अर्थ निर्वाचन हुने क्षेत्र वा जिल्लामा बसोबास गर्ने नागरिक भन्ने बुझिन्छ भने ब्ककभ्कदथि भनेको सभा, बैठक, भेला वा जमघट भन्ने अर्थ लाग्दछ। यस मानेमा संविधानसभा मुलुकभरका सबै जाति, वर्ग, लिङ्ग र सम्प्रदायको उचित प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूको विधानसभा हो। संविधानसभा एक प्रक्रिया पद्धति एवम् सिद्धान्त पनि हो। अर्का शब्दमा यसलाई सार्वभौमसत्ता सम्पन्न विधायिका पनि भन्न सकिन्छ। संविधानसभा अभ्यास गर्ने अग्रिणी देशहरू फ्रान्स र अमेरिका हुन्। भारत, केन्या र साउथ अफ्रिकामा गरिएको यस सभाको अभ्यास अन्यधिक सफल सावित भएको छ। क्यानाडा प्रत्यक्ष निर्वाचनमार्फत संविधानसभाको गठन गर्ने विश्वको सबैभन्दा पहिलो देश मानिन्छ। पहिलोपटक बेलायती उपनिवेशबाट मुक्त भएपछि अमेरिकाको १२ वटा राज्यहरूले संविधानसभाको माध्यमबाट १७८२ मा अमेरिकाको संविधान निर्माण गरे भने प्रथमपटक नै १७८९ मा फ्रान्सको राज्यक्रान्तिले सामन्ती राजतन्त्रलाई उखाडेर संविधानसभामार्फत गणतान्त्रिक संविधान निर्माण गरेको थियो। त्यसपछि १८७४ मा स्वीट्जरल्याण्डले संघीय सभाबाट निर्माण गरिएको संविधानलाई जनमत सङ्ग्रहबाट पारित गराएको थियो। चीनको १९४९ को क्रान्तिपछि निर्मित संविधानलाई पनि राष्ट्रिय जन काँग्रेसबाट अनुमोदन गरिएको थियो। संविधान निर्माणको परम्परालाई पछिल्लो समयमा हेर्ने हो भने साउथ अफ्रिका र अन्य मुलुकहरूमा पनि प्रयोग हुँदै आएको पाइन्छ। तर नेपालमा भने २००७ सालमा तत्कालीन राजा त्रिभुवनबाट विधानसभाको निर्वाचन गराउने घोषणा गरिएको भएता पनि पटक-पटकको राजनीतिक खिचलोका कारण यो सम्पन्न हुन सकेको थिएन। तर अन्ततः चैत्र २८ गते प्रत्यक्षतर्फ २४०, समानुपातिकतर्फ ३३५ र २६ जना मनोनयन गरी जम्मा ६०१ सदस्यको संविधानसभा गठन भएको थियो।

२००७ साल फाल्गुन ७ गते राजा त्रिभुवनबाट नेपालमा प्रजातन्त्र स्थापना भयो र उनले आफ्नो घोषणामा प्रथमपटक संविधानसभा र गणतन्त्रात्मक संविधानको कुरा गरेका थिए। तर दरबारले संविधानसभा गराउनुको अर्थ राजतन्त्रको अस्तित्व खतरामा पर्नु थियो। त्यसैले २००९ सालमा गरिने भनिएको संविधानसभाको निर्वाचन गरिएन। त्यसपछि कम्युनिष्ट पार्टीले २०१० सालको प्रथम अधिवेशनमा संसदको सार्वभौमिकता र संविधानसभाको निर्वाचन हुनु पर्ने नारा प्रस्तुत गरेको थियो। त्यसपछि २०११ साल चैत्र १ गते राज्यारोहण गरेपछि महेन्द्रबाट समेत संविधानसभाको निर्वाचन गराउने अभिव्यक्ति प्रकट भएको थियो। त्यसैगरी २०१२ सालतिर टंकप्रसाद आचार्य नेतृत्वको नेपाल प्रजा परिषद्ले संविधानसभाको कुरा उठाउको थियो। तर, उनले २०१२ साल माघ महिनामा नेपालको प्रधानमन्त्री बनेपछि उनले यो मुद्दा त्यागेका थिए।

२०१४ सालतिर संविधानसभाको माग निकै चर्को रुपमा उठेको थियो। त्यसै सालको भाद्रमा भउको "भद्रअवज्ञा" आन्दोलनमा पनि संविधानसभाको माग प्रमुख थियो। त्यतिबेला एकीकृत रुपमा रहेको कम्युनिष्ट पार्टीले लामो अन्तरिम शासनलाई किनारा लगाई मुलुकमा राजनीतिक स्थायित्व दिनका लागि संविधानसभाको निर्वाचन र त्यसमार्फत संविधानको निर्माण गर्न दवाव दिएको थियो। तर नेपाली काँग्रेस संविधानसभाको चुनाव कि संसदीय चुनाव भन्ने विवादमा नराम्ररी फँस्यो। तर, अन्त्यमा उ संसदीय चुनावको पक्षमा गयो र निर्वाचनबाट नेपाली काँग्रेसले दुई तिहाईभन्दा बढी अर्थात् १०९ मध्ये ७४ सीट जितेर वीपी कोइरालाको नेतृत्वमा बहुमतको सरकार बनायो।

तर २०१७ साल पौष १ गते राजा महेन्द्रले संविधानको धारा ३३ को प्रयोग गरी निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गर्दै बहुदलीय प्रजातान्त्रिक शासन विधिलाई समेत अन्त्य गरी निर्दलीय पञ्चायती व्यवस्था आरम्भ गरेका थिए। तत्पश्चात लामो समयसम्म संविधानसभाको माग र मुद्दा हराएको थियो।

त्यसपछि २०४७ सालपछि संविधानसभाको माग पहिलो पटक माओवादीले उठाएको थियो। २०५९ साल अशोज १८ गते राजा ज्ञानेन्द्रले २०४७ को संविधानको धारा ८८ टेकी मन्त्रीपरिषद्मा रहेको कार्यकारिणी अधिकार आफै लिएका थिए र २०६१ साल माघ १९ गतेदेखि प्रत्यक्ष शासन गर्न सुरु गरेका थिए। त्यसको विरुद्ध आन्दोलनकारी सात राजनीतिक दलले २०६२ साल बैशाख २५ गते मुलुकमा विद्यमान सबै द्वन्द्व हल गर्न र नयाँ संविधान निर्माणका लागि प्रतिनिधिसभा पुनः स्थापना गर्ने र संविधानसभाको निर्वाचनसम्म पुग्ने मार्ग चित्र प्रस्तुत गर्‍यो र त्यसले २०६२ साल मंसिर ७ गते विद्रोही माओवादीसँग गरेको १२ बुँदे समझदारीमा "निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचन" भन्ने वाक्याँश किटानी साथ रहेको कारणले गर्दा नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचनको मार्ग प्रशस्त खुलेको थिया। त्यही अनुरुप २०६३ साल बैशाख ११ गते पुनर्स्थापित भएको प्रतिनिधिसभाले नेपालमा संविधानसभाको निर्वाचन गराउने घोषणा गरेको थियो र घोषणा मात्र होइन २०६४ साल चैत्र २८ गते यो चुनाव सफलतापूर्वक सम्पन्न भएको थियो।

यसरी २००९ सालमा हुने भनिएको संविधानसभाको चुनाव २०६४ को अन्त्यतिर सम्पन्न त भयो तर २ वर्षभित्र संविधान निर्माण गर्ने प्रतिबद्धता चाँही सम्पन्न भएन।

जनताले नयाँ संविधान निर्माणका लागि दिएको अवधि सकिन अब १० दिनभन्दा पनि कम बाँकी छ। आजको दिनसम्म शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याएर नयाँ संविधान जारी गर्नका लागि अन्तिम तयारी भइसक्नु पर्ने बेलामा प्रमुख राजनीतिक दलहरू बीच राजनैतिक सहमति समेत हुन सकेको छैन। राजनीतिक सहमति नगरीकन शान्ति र संविधानका यावत र मुलभूत विषयहरूमा प्रवेश गर्न सकिँदैन। जेठ १४ गतेबाट संविधानसभाको बैद्धता समाप्त हुने भएपछि माधव नेपाल नेतृत्वको सरकारले मुलुकमा राजनीतिक र संवैधानिक संकट आउन नदिन म्याद थपको प्रस्ताव दर्ता गराएको छ। तर म्याद थप गर्न दुईतिहाई बहुमत चाहिन्छ र माओवादी, काँग्रेस र एमाले मिलेमा मात्र दुई तिहाई पुग्छ अन्यथा पुग्दैन।

अन्तरिम संविधानले जेठ १४ भित्र संविधानसभाबाट नयाँ संविधान बन्ने र त्यसको आधारमा राष्ट्र सञ्चालित हुने परिकल्पना गरेको छ। तर अब जेठ १४ गतेसम्म संविधान बन्न सक्ने कुनै अवस्था रहेन। मुलुक सञ्चालन गर्न र जनतालाई प्रतिनिधित्व गर्न राजनीतिक दलहरू बीच सहमति नहुने हो भने अन्तरिम संविधानले निरन्तरता पाउन सक्दैन। अन्तरिम संविधानको निरन्तरताको लागि त्यसको संशोधन जरुरी हुन्छ। बिना सहमति संविधान संशोधन हुन सक्दैन। अन्तरिम संविधानको धारा १५८ मा बाधा अडकाउ फुकाउने व्यवस्था छ। यो व्यवस्था अनुसार बाधा अडकाउन आदेश राष्ट्रपति जारी गर्नेछन्। अन्यथा जेठ १४ पछि अन्तरिम संसद नै संविधान अनुसार रहँदैन। त्यस्तो बेला राष्ट्रको सम्पूर्ण अधिकार वैधानिक रुपमै राष्ट्रपतिको हातमा जानेछ। तर यो दिन आउनु भनेको सबैको लागि दुर्भाग्य हो।

नेपालको अन्तरिम २०६३ को धारा ६४ ले प्रष्ट रुपमा भनेको छ, "संविधानसभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा बाहेक संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको हुनेछ" यस धारा अनुसार वर्तमान संविधानसभाले पहिलो बैठक बसेको मिति अर्थात २०६५ जेठ १५ बाट दुई वर्षको अर्थात २०६७ जेठ १४ सम्ममा संविधान जारी गर्न नसके पनि त्यस सम्मको कार्यकाल समाप्त हुन्छ। अर्को शब्दमा भन्ने हो भने यो संविधानसभाले जेठ १५ पछि वैधानिक हैसियत गुमाउँछ र संविधान निर्माण गर्न थप कार्य गर्नसक्ने छैन।

धारा ६४ ले थप भन्दछ, "तर मुलुकमा संकटकालीन स्थितिको घोषणा भएका कारणले संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा संविधानसभाले प्रस्ताव पारित गरी संविधानसभाको कार्यकाल थप ६ महिनासम्म बढाउन सक्नेछ।" यी वाक्यांशको प्रष्ट अर्थ हो, नेपालको अन्तरिम संविधान २०६३ले संविधानसभाको अवधि सामान्य अवस्थामा दुईवर्ष र संकटकालीन अवस्थामा साढे दुईवर्ष सम्मको कल्पना गरेको छ। त्यसभन्दा बढी कुनै हालतमा समय बढाउने कल्पना गरिएको छैन। थप गर्न सकिने ६ महिना पनि संकटकालीन अवस्थामा मात्र हो। नेपालको अन्तरिम संविधानको धारा ८० अनुसार संकटकालीन भनेको "नेपाल राज्यको सार्वभौमसत्ता अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा नेपाल सरकार मन्त्रीमण्डलका सिफारिसमा राष्ट्रपतिले नेपाल राज्यभर या कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न सक्नेछ। तर अन्तरिम संविधानमा व्यवस्था गरिएको संकटकालीन व्यवस्थाको परिभाषा ज्यादै संकुचित छ।

तर आजको अवस्था बाह्य आक्रमण, आन्तरिक विद्रोह र चरम आर्थिक विशृंखलाको अवस्था विद्यमान छैन। तसर्थ बिना कुनै कारण संकटकाल लगाउन सकिदैन। तर संकटकाल नलगाउने हो भने निश्चित रुपमा वर्तमान संविधानसभाले आफ्नो बैद्धता गुमाउनेछ र नेपालमा राजनीतिक रिक्तता आउने निश्चित छ। यस अवस्थामा संविधानसभा वा व्यवस्थापिका संसदको वैधानिकता समाप्त भएको अवस्थामा यस संसदद्वारा गठित सरकार स्वतः भंग हुन्छ र सबै अधिकार राष्ट्रपतिमा निहीत हुन्छ। तर राष्ट्रपतिलाई पनि अधिकार प्राप्त हुँदैन भनेर व्याख्या गर्न थालियो भन्ने पूर्ण शून्यताको अवस्था सिर्जना भएर सेना सर्वोच्च बन्न सक्दछ। संवैधानिक रिक्तता पैदा हुने अवस्थामा सेनामाथि नागरिक नियन्त्रण कायम गर्न पनि राष्ट्रपतिलाई सक्रिय हुनबाट कसैले रोक्न सक्दैन। तर यो अवस्था आउनु भनेको सारा नेपालीको लागि दुर्भाग्यको वर्ग हो। यसले अकल्पनीय द्वन्द्वको सिर्जना गर्न सक्दछ।

अर्को सम्भाव्य अवस्था भनेको संविधान संशोधन गरेर संविधानसभाको आयु लम्ब्याउने हो। नेपालको वर्तमान अन्तरिम संविधानले कुनै पनि धारा उपधारलाई अपरिवर्तनीय मानेको छैन। अन्तरिम संविधानको धारा १४८(१) अनुसार, "संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्न विधेयक तत्काल कायम सदस्य संख्याको दुई तिहाईको स्वीकृति गरेमा पारित हुन्छ र कुनैपनि धारा उपधारा, संशोधन वा खारेज गर्न सक्छन्।

तर यसको लागि भने संविधानसभाका आयु निर्धारण गर्न धारा ६४ का सम्पूर्ण वाक्यांश हटाएर "नयाँ संविधान जारी नभएसम्म यस संविधानसभाको कार्यकाल हुनेछ" भनी धारा ६४ संशोधन गर्नुपर्छ। अथवा त्यस धारामा लेखिएका "दुई वर्ष" भन्ने शब्दावलीलाई तीन वर्ष वा चाहेजति लेखेर संशोधन गर्न सकिन्छ।

यसप्रकारको उपाय वैधानिक हुन सक्ला तर नैतिक दृष्टिले यो एकदमै नाजायज कदम हो। एउटा मनन् गर्नुपर्ने महत्वपूर्ण कुरो के हो भने मानौं संविधानसभाको कार्यकाल थपियो तर फेरी पनि थपिएको मितिमा संविधान बन्छ भन्ने ग्यारेन्टी छ। फेरी पनि यस्तै स्थिति नआउँला भनेर कसरी पत्याउने। लोकतन्त्रको सर्वमान्य सिद्धान्त अनुरुप लोकतन्त्रको एक प्रमुख शर्त हो, Periodic Election आवधिक निर्वाचन। जनतासँग दुई वर्षको समय मागेर अर्थात अन्तरिम संविधानको धारा ६४ देखाएर निर्वाचित भएकाहरूले आफूले वाचा पूरा गर्न नसकेको अर्थात आफू असक्षम भएको कारण देखाउँदै आफ्नो कार्यकाल बढाउने जस्तो घोर, आपराधिक कदम केही हुन सक्दैन। मैले म्याद थप्नु हुन्न भन्न खोजेको होइन। विश्वका अभ्यास जस्तै बोलिभिया, बेल्जियम, साउथ अफ्रिका जस्ता मुलुकमा संविधानसभाको म्याद थपिएको छ। तर उनीहरू Limited time frame भित्र बनाउन चाहँदा चाहँदै पनि नभ्याएर समय थपेका छन् तर हाम्रो देशमा नेताहरू, सभासद्हरू संविधान बनाउने भन्दा पनि सरकार बनाउने-गिराउने काममा तल्लीन रहेको हुनाले नबनेको हो।

लोकतन्त्रका नारा घन्काउने राजनीतिक दलहरूले लोकतन्त्रको आधारभूत मान्यतालाई नै लत्याएर आफ्नो आयु थप्नु जनताको लोकतान्त्रिक हकलाई खोस्नु बाहेक अरु के हुन सक्छ। ठुला पार्टीका ठूला नेताहरूले आपसी मिलेमतोमा संविधानसभाको कार्यकाल थप्यो भने आम तराई-मधेश, पहाड, हिमालको नेपाली जनतालाई कुनै हालतमा स्वीकार्य हुने छैन। २००९ सालदेखि नै उठ्दै आएको नेपाली जनताको मागलाई यति सजिलै तुहाउने दुस्साहस नगरियोस्। यो देश र संविधानसभा तीन ठूला दलका बाउको बिर्ता होइन कि जे चाहे त्यहीँ हुन्छ। यो देश नेपाली जनताको हो र नेपाली जनता जे चाहे त्यहीँ हुन्छ। तसर्थ सावधान नेताहरू !*(मधेश दर्पण फिचर सेवा)*

# US on Indo-Pak relations

**Ghulam Sarwar**

Soon after taking over as President of the United States , Barak Obama had started showing his keen interests in Indo-Pak relations. More so, in his electioneering campaign, he had underscored the need to resolving the Kashmir issue. Towards that end, he had suggested to appoint a special envoy who could help in resolving this issue. However, after assumption of President's office, his enthusiasm for early solution of Kashmir would considerably and now it seems that he has put this issue on the back burner. His latest stance on the subject is that since Kashmir is a bilateral issue, it is incumbent both on India and Pakistan to mutually resolve it. Viewed in this context, India 's successful lobby backed by pro-Zionist lobby in Washington has successfully brought about this change in Obama's thinking.

Finding himself incapable of playing an active role to settling the Kashmir issue, Obama has recently asked China to help improve ties between India and Pakistan . This shows his clear interest on the improvement of relations between the two contending neighbors. In the joint statement, it has been explicitly stated that the US and China must work together to promote peace, stability and development in the region. India , however, is quite unhappy with the US on conferring a heightened role on China . With regard to India 's attitude. There is no room for a third party interference in sorting out this tangled issue. To allay India 's apprehensions, US Assistant Secretary of State, Robert Blake assured India that it should not be unnecessarily agitated on Obama's remarks that he had made in China as the US firmly believes that it was upto India and Pakistan to decide on the substance, scope and pace of these relations. He further stressed that as friend of both, India and Pakistan , US has always encouraged both India and Pakistan to narrow their differences.

So far as Pakistan 's stance is concerned, it is abundantly clear that it stands for peace and with this end in view, it has been constantly urging India to restart the composite dialogue. But India has not responded favourably to Pakistan 's suggestions. Its main excuse is that Pakistan has not shown any keenness to get hold of the terrorists responsible for the Mumbai terrorist attack. India also demands the arrest of Jamaat-ud-Dawah leader, Hafiz Saeed, which has not so far been met. Hafiz Saeed was arrested many a times, but each time he was released by the court for lack of evidence.

America 's latest stance on the subject is that it has emphatically assured India that it had no intention to involve itself in the settlement of the Kashmir issue. However, US strongly feel that the differences between the two neighbours should be resolved peacefully. This done, Pakistan would then be in a position to withdraw its troops from the eastern border and deploy them on the western front. Incidentally, of late, the Indian Government has started efforts to hold talks with the Kashmiri leaders. The deliberations are primarily focused on the grant of autonomy to the State. According to informed circles, back channel negotiations are also being resumed. These are all happy signs, but sad part of the story is that India 's past record to stand by its promises and commitments is quite dismal. Just recall Nehru's solemn pledges to hold a plebiscite to ascertain wishes of the Kashmiri people and he reneged on these with a straight face. Another example relates to the recent past. The Indian Prime Minister, had committed himself at Sharm-u-Shaikh to eliminate terrorism from the composite dialogue. However he backtracked on it on return to New Delhi . By doing so, he did not feel any qualms of conscience.

Another feather in Manmohan Singh's turban. While, US Secretary of State, Ms. Hillary Clinton was visiting Pakistan , Manmohan Singh flew to Srinagar and publicly stated that India was desirous of holding a talk with Pakistan without any pre-condition. These talks, however, are no where in sight now. With regard to Indian Prime Minister's recent visit to United States , US under Secretary, William Buns remarked that it was an historic visit and ties with India would change history. These are all loud claims, and it is not et clear, if Pakistan has done any homework to assess the quantum of gains. New Delhi must have made during this visit. Also, one wonders if any analysis has been carried out to assess the likely impact of this visit on Pakistan . In this context, it is rather too naïve to expect much from the Central Government, Islamabad . However, the opposition, the judiciary, the media and the civil society could, to some make some contribution towards safeguarding Pakistan 's national interests. To conclude, Amnesty International has addressed a letter to President Obama asking him to raise the issue of mass human rights violations in occupied Kashmir . Viewed in this context, it is high time for our Prime Minister and Foreign Minister to take up this issue with Washington .

## Gilani urges India to give up intransigence on Kashmir

Srinagar, (KMS): In occupied Kashmir, veteran Kashmiri Hurriyet leader, Syed Ali Gilani has urged India to accept the disputed status of Jammu and Kashmir and take steps for resolving the lingering dispute in accordance with the Kashmiris' aspirations.Syed Ali Gilani in a statement issued in Srinagar pointed out that instead of finding a peaceful political solution to the Kashmir dispute, India always pursued the policy of repression and suppression. "New Delhi has so far tried all tactics, including inflicting atrocities offering allurements and other benefits, but Kashmiris have remained firm on their stand and have rejected all the offers," he said.The veteran Hurriyet leader asked India to give up its intransigence, adopt a realistic approach, declare Jammu and Kashmir as a disputed territory, release all Hurriyet detainees, revoke black laws and start withdrawal of its troops from Jammu and Kashmir to create conducive atmosphere for settling the conflict over Kashmir. "India has no option but to resolve the dispute," he added. Syed Ali Gilani expressed serious concern over the continued illegal detention of Hurriyet leaders and activists including Shabbir Ahmad Shah, Ghulam Nabi Sumjhi, Masarrat Alam Butt, Dr Muhammad Qasim Fakhtoo, Abdul Aziz Dar, Firdous Ahmad Shah, Muhammad Yousuf Mir, Muhammad Yousuf Nadeem and Muhammad Rafiq Ganai. "Hurriyet leaders continue to languish in jails even as authorities here are portraying Indian Prime Minister's upcoming visit to the territory as part of political process," he deplored. The veteran Hurriyet leader appealed the functionaries of International Red Cross in the occupied territory to highlight the plight of Kashmiri detainees and take up the matter of their release with Indian Prime Minister.

# ओझेलमा मधेशका मुद्दा

*सागर दुलाल*

सञ्चार क्षेत्रमा मधेशको मुद्दाले ठाउँ पाउन छोडेका छन् । जानीनजानीकन मधेशका इस्युलाई सञ्चार जगतमार्फत ओझेलमा पारिएको छ । राजनीतिक दलले गरेको कार्यक्रमको रिर्पोटिङ्ग, तराईका सशस्त्र समूहको समाचार, लुटपात, इन्काउन्टर लगायतका 'ब्रेकिङ्ग न्यूज'लाई प्राथमिकता दिएर सञ्चारकर्मी गम्मक पर्छन् । अनि प्रतिस्पर्धात्मक रुपमा त्यस्तै समाचार मात्रै उठाएर सस्तो लोकप्रियता कमाउन पत्रकारहरू तल्लीन छन् । मधेश आन्दोलन पश्चात् तराईका जिल्लामा तराईकै पत्रकारहरूको बहाली भए पनि तराईको वास्तविक समस्या र उठाउनु पर्ने महत्वपूर्ण समाचारहरू ओझेलमा परेका छन् ।

प्रायजसो तराईका जिल्लाहरूमा लुटपाट, अपहरण, चन्दाआतंक लगायतका समाचार र विषयमाथि पत्रकारहरूको ध्यानाकर्षण हुने गरेको छ । सञ्चारगृहले समेत त्यस्तो समाचार र विषयलाई प्राथमिकताको साथ छाप्ने गरेको अन्य विषयको समाचार सञ्चारक्षेत्रमा देखिँदैनन् । तराईलाई राजनीति क्षेत्र बनाएर राजनीति गर्ने दलसमेत काठमाडौंको हावापानीमा भिज्ने गरेकोले तराई अहिले लुटपात र अपरणमा मात्र केन्द्रित बनेको छ ।

तराईका नहर, आर्सेनिक युक्त खानेपानी, तरकारी, अन्नबाली, दालखेती, तराईका फाँटमा पर्ने चुरेका जंगल, खोलाबाट निस्कने गिट्टी बालुवा, अस्तव्यस्त उद्योग कलकारखाना, ऐतिहासिक महत्व बोकेका सम्पत्ति लगायतका विषय समाचार बन्न सकेका छैनन् । यस्ता विषयलाई सञ्चारमाध्यमले प्रकाशन/प्रसारण नगर्दा जनचेतनाका मुद्दासमेत पछाडि पारिएको छ । तराईमा धम्की, चन्दा आतंक, अपहरण, नागरिकता प्रकरणमा चर्को बहस हुने गरेको छ । राजनीतिक विषयमा मात्र ध्यान केन्द्रित गराउँदा महत्वपूर्ण विषयले सञ्चार माध्यममा प्रवेश पाउन सकेका छैनन् । अहिले तराईमा दुई नम्बरीको हाली मुहाली चले पनि त्यसतर्फ कसैको ध्यान जान सकेको छैन । तराईका खेतीयोग्य जमिनमा पानी पटाउन बनेका नहर पुराना र मर्मत संभार बिना प्रयोगमा आउन सकेका छैनन् । तराईका जनताले आर्सेनिक युक्त खानेपानी खाँदा समेत कसैको ध्यान जान सकेको छैन । सरकारले चेकजाँच मात्र गरेको छ त्यसको समाधान र निराकणको उपाय खोजेकै छैन । तराईमा उत्पादन हुने नगदे तरकारी बाली बन्द र हडतालमै कुहुने गरेको छ, त्यसबाट तराईलाई करोडौंको घाटा लागेको छ । चुरे जंगलबाट दिनहुँ काठ तस्करी र निकासी हुने गरेको छ, त्यो पनि तराईको ठूलो सम्पत्ति हो । सरकारले प्राकृतिक श्रोत साधन देश बाहिर जान नदिने घोषणा गरेपनि गिरोह र राजनीतिक संरक्षणमा अवैध धन्दा भइरहेको छ । तराईको सम्पत्तिको रुपमा रहेको उद्योग, कलकारखाना चन्दा आतंक र अपहरणले बन्द हुन थालेका छन् । तराईमा स्थापित उद्योगधन्दाबाट स्थानीय जनताले पाउने रोजगारी बन्द हुँदा समेत सरकार र सञ्चारमाध्यम मौन छन् । सधैं चन्दा आतंक, अपहरण र लुटपातमा सञ्चारकर्मी र तराईका राजनीतिक दलहरूको ध्यान केन्द्रित गर्ने हो भने तराईका महत्वपूर्ण मुद्दाहरू हराउँदै र रित्तिदै जानेछन् । सञ्चारकर्मीले तराईका सम्पत्तिको रक्षा गर्नुपर्छ । उनीहरूको कलम महत्वपूर्ण कुराहरू तर्फ लेखिनुपर्छ । रित्तिदैं गरेको तराईका भण्डारहरूलाई रोक्नुपर्छ । अन्यथा तराई, तराई नरहेर पराई हुनेछ । अनि संञ्चार माध्यमले तराईलाई पाखा लगाउने होईन समान व्यवहार गर्नुपर्छ ।

*(मधेश दपर्ण फिचर सेवा)*

# देशलाई डुबाएर भए पनि कुर्सी चाहिन्छ

*अरविन्द साह*

शिकारीले पासोभित्र राखेको दाना मात्र शिकारले हेर्ने गरेको हुन्छ। तर, शिकारीको पासो माथि शिकारले विचार र बुद्धि पुऱ्याएको हुँदैन। मलाई अति मिठो खाना खान किन निम्तो दिएको हो भने कुरामाथि विचारै नगरी खाना खान झम्टी हाल्छ। जसको परिणाम स्वरुप शिकारीले थापेको फन्दाभित्र नउम्किने गरी फसी हाल्छ। लोभ लालचकै कारण ठूलो दलदलमा फस्दै गएको हुन्छ। त्यस्तै शिकारीको ठूलो जालमा एमालेका क्रान्तिकारी नेता तथा भु.पु. महासचिव माधवकुमार नेपाल राम्ररी फस्दै गएको देखिन्छ। गरिब, मजदूर, किसान तथा सर्वहरा वर्गको माथि हुँदै आएको विभेद, छुवाछुत, शोषण, पीडा र उत्पीडनबाट मुक्ति दिलाउँदै यिनीहरूको वास्तविक हक दिलाउन राजनीतिमा हुमिएको क्रान्तिकारी छवि भएको स्वतन्त्र विचार र निडर स्वभावका जुझारु नेता माधवकुमार निरीह अवस्थामा देखिन्छ।

कार्यकारिणी प्रधानमन्त्री भएर पनि देश र जनताको हितमा कुनै काम गर्न सकिरहेको छैन। आफ्नै कुर्सी बचाउन धौ-धौ परिरहेको अवस्था छ। जसले गर्दा मन्त्री तथा कर्मचारीहरू मनचाहा रुपमा फायदा उठाइरहेको छ। देशमा अशान्तिको साथै महंगी चरम सीमा नाघिसकेको छ। अर्थतन्त्र कमजोर हुँदै गइरहेको छ भने विद्युत उत्पादन संकटमा परी कलकारखाना तथा उद्योग धन्धा चौपटै भएको छ भने देशको जनता अँध्यारोमा बस्न बाध्य भएका छन्। सरकार पूर्ण रुपेण असफल भइ राज्य विहीनताको अवस्था देखिदैछ। नेपाली काँग्रेसले चालेको गोटी र विछ्याएको जालमा नराम्रोसँग फस्दै उम्किन गाह्रो भइसकेको छ।

कमरेड मदन भण्डारी र प्रधानमन्त्री मनमोहन अधिकारीले अर्जेको जनविश्वास गुमिदै गएको छ। माधवकुमार नेपाललाई प्रधानमन्त्रीको पदमा फसाई उहाँको काँधमा बन्दुक राखी नेपाली काँग्रेसले चलाएको गोलीबाट नेपाली जनता शिकार हुँदै छन् भने सम्पूर्ण पापको भागी माधव नेपाल बन्दैछन्। चक्किको दुई पाटा नेपाली काँग्रेस र एकीकृत माओवादीको बीचमा एमाले पार्टी पिसिएर नराम्रोसँग बर्वाद हुँदैछ। कठपुतली, हरूवा तथा रिमोट कन्ट्रोलबाट सञ्चालित सरकार भन्दै घोर बेइज्जत हुँदैछन् भने आफ्नो पार्टीभित्रका नेता, कार्यकर्ता तथा सभासद्हरूबाट राजीनामाको माँग गर्दै घोर अपमानित गरिदैछन्। अति नाजुक र अपमानित स्थितिमा पुगिसक्दा पनि कुर्सीको मोह छुटिरहेको छैन। म कसैको धाक, रुवाब र धम्कीबाट भयभित भएर राजीनामा दिने वाला छैन। म विष वृक्ष छु, ममाथि कुनै असर हुनेवाला छैन। देशको कुनै शक्तिसँग डराएर राजीनामा गर्दिन, जस्ता अभिव्यक्ति प्रधानमन्त्री माधवकुमार नेपालको मुखार वृन्दबाट आउनु आफैमा लज्जास्पद र हाँस्यपद हो। नैतिकताको धरातलबाट खस्दै विक्षिप्त अवस्थामा पुगिसकेको देखिन्छ। देश र जनताप्रति कुनै चिन्ता देखिदैन।

२०६७ जेष्ठ १४ पछि संविधानसभा भंग भइहाल्छ तर राष्ट्रपति र सरकार बाँचिरहन्छन्। जस्ता अभिव्यक्ति सरकारबाट आउनु दुर्भाग्यपूर्ण हो। ठूलो धनराशिका चिट्ठा प्राप्त गरि खुसीले पागल भएको जस्तै सरकारमा पुग्ने बित्तिकै पागल हुने गरेको मन्त्रीको कमी देखिदैन। लोभ, लालच र कमिशनले गर्दा दिनमै सपना देख्न थालेका हुन्छन्। कुर्सीमा माला जाप गर्दै हिड्ने हाम्रा नेताहरू देश डुबाएर नै छाड्ने छाटकाटमा देखिन्छन्। यस्तै हालतमा रहिरह्यो भने देशलाई गृहयुद्धबाट कोही पनि बचाउन सक्दैनन्। संविधानसभा भंग हुने बित्तिकै देशमा ठूलो रक्तपात हुने निश्चित नै छ। देशमा गृहयुद्ध फैलिदै आपसी मुठभेडबाट जनताको रगत बगिरहेको अवस्थामा यस्ता असफल सरकार जिवीत रहँदैको के अर्थ हुन्छ? २२ दलको समर्थन प्राप्त गरेर पनि शान्ति व्यवस्था कायम गर्न नसक्नुको साथै संविधानसभाको रक्षा गर्न समेत नसक्ने असक्षम सरकार विषालु सर्पले डंकमारी मृत्युशचयामा पुगाइ दिएको भन्दा कम देखिने छैन।

६० वर्षभन्दा पहिला देखि नै नेपाल कम्युनिष्ट पार्टीका नेताहरूले संवैधानिक रुपमा उठाउँदै आएको संविधानसभाबाट संविधान निर्माण गरी शोषित र पीडित जनताहरूको हक स्थापित गराउने लक्ष्य पूरा हुन लागेको बेलामा कम्युनिष्ट पार्टीहरूबीच आपसी द्वन्द्व भई अर्काको लहै-लहैमा लागेर पाउन लागेको संविधानसभाबाट निर्माण हुन सक्ने संविधान डुबाउने दिशातिर लाग्नु भन्दा मूर्खतापूर्ण कुरा के हुन्छ। आफ्नै खुट्टामा आफै बन्चरो हान्ने भन्दा ठूलो मूर्ख को हुन्छ। संविधानसभाबाट आफ्नो भाग्यको सुनिश्चितताको सपना देखिएको नेपाली जनताको सपना अधुरो नै रहिरह्ने अवस्था देखिदैछन्।

नेपाली काँग्रेस, एमाले र माओवादीबीचको राजनीतिक प्रतिशोध र एमाले नेता माधवकुमार नेपालको ठूलो महत्वकाँक्षाले गर्दा समयअवधिभित्र संविधानसभाबाट नयाँ संविधान जारी हुनसक्ने अवस्था देखिन्छ। पार्टी हाक्ने नेताहरूको अपवित्र आत्मा, गलत चिन्तन, व्यक्तिगत स्वार्थपूर्ति, नैतिकताको रिक्तता, बदलाको भावना, विश्वासको कमी तथा सत्ता हात पार्ने महत्वकाँक्षाको कारण संविधानसभा भंग हुने अवस्थामा पुगिसकेको हो।

राजनीतिक दलको शिर्षस्थ नेताहरूको गल्तीको भागीदार जबर्जस्ती सभासद्हरूलाई बनाइरहेको देखिन्छ। सबै राजनीतिक दलहरूमा खस चिन्तन बाहुन क्षेत्रीहरूको मजबुर पकड हुने भएकाले चुनावमा पराजित हरूवाहरू मन्त्री मण्डलमा ठूलो संख्या र महत्वपूर्ण मन्त्रालय हात पारेर बसेको देखिन्छ। चुनाव हारेर पनि प्रधानमन्त्री, उपप्रधानमन्त्र र मन्त्री जस्तो पद पाउने भाग्यशाली मान्छे जस्तो यो संसारमा अरु को होला? यमराजलाई जित्न सक्ने क्षमता राख्ने हाम्रा भाग्यशाली मन्त्रीहरू चिट्ठामा प्राप्त हुने अतुल धनराशि जस्तै भाग्यले, हारेर पनि प्राप्त गरेको प्राणभन्दा प्यारो मन्त्री पद जनताले कराएकै भरमा राजीनामा दिनु उहाँहरूको प्रतिष्ठाको खिलाफ हो। देश बर्वाद भएर पनि मन्त्री पद जोगिनुपर्छ र मन्त्री पद पाउन पनि देशलाई डुबाएर छाड्ने अठोट लिएका नेताहरूको भित्री आत्मामा प्रेतात्माको वास भएको कारण नै यस्तो बुद्धि पलाएको हो। सद् बुद्धि आओस् भन्ने नेपाली जनता चाहन्छन्।

*(मधेश दपर्ण फिचर सेवा)*

# नेपालीलाई जिउँदै जलाइयो

काठमाडौं / भारतको मेघालयमा नेपालीलाई जिउँदै जलाइयो। जिउँदै जलाउँदा पनि नेपाल सरकार बोल्दैन, नेपाली नेता बोल्दैनन, नेपाली जाति बोल्दैनन, कस्तो संवेदनशीनता हो यो? हिन्दू धर्म फालेर धर्मनिरपेक्षताको घोषणा गर्ने राजनीतिक दलहरूले कस्तो विषादी छरेछन्, बहादुर नेपालीको नसामा रगत होइन पानी बग्न थालेको छ।

आसाम मेघालयबाट ५० हजार नेपाली खेदिए। आफ्नो श्रीसम्पत्ति पनि भन्न पाएनन्? खासी जातिले नेपाली भाषीमाथि गरेको यो अत्याचारमा भारत सरकारले पनि चासो राखेन। मेघालय सरकारले क्षतिपूर्ति दिन्छु भनेर अलमल्याइरहेको छ। मानवअधिकार र संसारकै सबैभन्दा ठूलो लोकतन्त्रको दावी गर्ने भारतमा यो जातीय र भाषिक दङ्गाबारे भारतीय मानवअधिकारवादी पनि बोलेका छैनन्। राष्ट्रसंघको मानवअधिकार केही भनिरहेको छैन। सम्भवतः कानून भनेको निर्दोलाई लाग्ने हो र मेघालयमा पनि त्यस्तै भयो।

मान्छेलाई जिउँदै जलाउनु भनेको सबैभन्दा ठूलो अपराध हो। यस्तो अपराध बारे न्यायिक आवाज पनि उठाउनु नसक्ने ६०१ सभासद्हरूले नेपालको संविधान कस्तो लेख्लान्? आपराधिक मनस्थिति पाल्नेहरूले लेखेको संविधान न्यायमूलक होला र?


## झाडापखालाको घरेलु उपचारका उपायहरू

**दिनमा तीन पटक वा सोभन्दा बढी पटक पानी जस्तो पातलो दिसा हुनलाई झाडापखाला रोग लागेको भनिन्छ। झाडापखाला हुँदा शरीरमा भएको पानी, नून, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ। यस्ता पदार्थहरु खेर गएपछि शरीर सुख्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्दछ। तसर्थ झडापखला लाग्दा घरमै निम्न उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक**

***झाडापखाला रोग लागे पछि गर्नुपर्ने कुराहरू :***

◆ शरीरबाट झडापखालाको रुपमा जति पानी खेर गएको छ, त्यतिकैअनुपातमा पुनर्जलीय झोल बनाएर खाने र खुवाउने गरौं। ५ वर्षसम्मका बच्चालाई आवश्यक मात्रामा जिङ्क चक्की महिला स्वयंसेविकासँग लिई १० दिनसम्म खुवाऔं।

◆ घरमै उपलब्ध हुनसक्ने झोल खानेकुराहरू जस्तै भातको माड, सुप, दालको रस, गेडागुडीको रस, फलफूलको रस वा तरकारीको रस प्रशस्त मात्रामा खुवाऔं।

◆ स्तनपान गरिरहेको बच्चालाई झडापखाला रोग लागेमा पटक-पटक स्तनपान गराइरहने गरौं।

◆ झाडापखाला हुँदा साविकको जस्तै खानेकुरा खाने र खुवाउने गरौं। झडापखाला भएको विरामी सुस्त वा बेहोस छ, छट्पटाउने वा झिजिने गर्छ, आँखा गडेको छ भने तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लागि उपचार गराऔं।

◆ पुनर्जलीय झोल बनाउन १ लिटर सफा पानीमा १ पुनर्जलीय झोल बनाउने औषधीको धुलोको पुरिया पुरै मिसाएर पटक पटक पिउने गरौं। एक पटक बनाएको पुनर्जलीय झोल २४ घण्टाभित्र मात्र प्रयोग गरौं।

◆ झडापखाला निको भएपछि पनि १ हप्तासम्म साविक खानाभन्दा थप एक पटक खान दिने गरौं।

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**

**टेकू, काठमाडौं।**





## बजेट...

थालेका छन् । खासगरी ठूला ३ तीन दलबीच आन्यौलको निकास निकाल्न सहमति नभएपछि नयाँ संविधान अनिर्णयको बन्दी हुन पुगेको हो ।

माओवादीले जतिसुकै अवरोध गरे पनि बजेट अधिवेशन बोलाउनु नै छ र बजेट पेश गर्न नदिए अध्यादेशबाट पनि काम चलाउन सकिने धारणा सत्ता पक्षको छ । तर संविधान बन्ने वातावरण बनेन भने कसरी देश अराजकता र अन्यौलबाट बच्न सक्छ ? भन्ने विषयमा सुशासनका पक्षधरहरू चिन्ता व्यक्त गर्न थालेका छन् ।

## माओवादीका...

आधार उद्देश्य र संविधान नर्माणको कार्यतालिका समेतका राजनीतिक सहमति भएपछि मात्र नयाँ सरकार बन्ने निश्चित भइसकेको छ । जेठ १४ गते राती राजनीतिक सहमतिमा १ वर्ष म्याद थपेकाले त्यो सहमति जनताको पक्षमा गरिएको प्रमाणित गर्न पनि दलहरूले संविधान निर्माणको कार्यतालिका ल्याउन अनिवार्य छ ।

यसरी माओवादीका कारण माकुने सरकारको आयु बढिरहेको छ । राजीनामा दिन तयार भइसकेको खुलासा भएपछि काम चलाऊ हैसियतको सरकार धेरै दिन राख्नु भनेको डरलाग्दो हुन्छ भन्दै सुरक्षाविद्हरूले छिटो राष्ट्रिय सरकार निर्माण गर्न आग्रह गरेका छन् । के गर्ने ? भ्यागुताको धार्नी पुग्दै पुग्दैन ।

## नेम्वाङ्ग्ज्यू...

महिना भित्रमा संविधान बन्न सक्छ । संविधानसभाको कार्यतालिका अनुसार कार्य पुरा गर्ने दायित्व संविधानसभका अध्यक्षको हो । सभामुख सुभाष नेम्बाङ्गले कार्यतलिकाअनुसार कार्य गर्न नसकेका हुनाले उनले सरकार र अन्य दलहरूलाई दोष लगाउनुको सट्टा आफू असफल भएको स्वीकार गर्दै संविधानसधाको अध्यक्ष पदबाट किन राजीनामा नगर्ने ? नैतिकताको आधारमा नेम्बाङ्गले राजीनामा दिएर नैतिकताको पाठ अरुलाई सिकाउनु नै उपयुक्त हुनेछ ।

## कांग्रेसका...

पुष्पकमल दाहाल पहिला नै असफल भइसकेका व्यक्ति भएको हुनाले फेरी तिनै असफल व्यक्तिको नेतृत्वमा सरकार बनाउनु किमार्थ उचित हुँदैन । तर अध्यक्ष दाहाल उपाध्यक्ष डा.भट्टराईको नेतृत्वमा सरकार बनाउने कुरामा सहमत हुनसक्नुपर्छ । सत्ताको बागडोर जसको हातमा हुन्छ त्यही व्यक्ति पार्टीभित्र बलियो हुने भएको हुनाले अध्यक्ष दाहालको ध्यान भट्टराईभन्दा बरु कांग्रेसको नेतृत्वमा सकरार बनाउन राजी हुनसक्ने अनुमान गरिएको छ ।

नेपाली कांग्रेसभित्र तीनधार रहेको छ । शेरबहादुर देउवा, सुशील कोइराला र रामचन्द्र पौडेल तीनतिर मुख फर्काएर प्रधानमन्त्रीको दावेदार रहेपनि सुशील कोइराला पार्टी अध्यक्ष बन्ने धुनमा प्रधानमन्त्री खान तयार नभएपछि देउवा र पौडेलबीच को प्रधानमन्त्री बन्ने होड चलेको छ । आगामी भदौमा नेपाली कांग्रेसको महाधिवेशन डाकिएको हुनाले पनि प्रधानमन्त्रीको पद पौडेल र देउवा दुवैलाई आवश्यक भएको छ । यसरी अब नेपाली कांग्रेस पनि विवादको घेरामा परेर फेरी एक पटक अनिर्णयको बन्दी बन्नसक्ने अवस्था देखिएको छ । विभाजित भएर एक भएको कांग्रेस अहिलेसम्म पूर्ण रुपमा एक हुन नसकेको अवस्थामा प्रधानमन्त्री पदले कतै फेरी विभाजित त हुने होइन भन्ने प्रश्नसमेत चल्न थालेको छ । देउवा र पौडेल मध्ये सुशील कोइरालाले जसलाई च्याप्छन् त्यही व्यक्ति प्रधानमन्त्री बन्ने र उनैको सहयोगमा सुशील कोइराला पार्टी सभापति बन्ने प्राय: निश्चित देखिएको छ ।

## जानेबेलामा...

मानिएका छन् । केही समयपहिला अर्थात् वामदेव गौतम गृहमन्त्री भएको बेला नेपाल प्रहरीलाई अवाश्यक पर्ने ज्याकेटलगायतका सामानहरू ठेक्का निज भट्टले पाएपनि पछि सार्वजनिक लेखा समितिले उक्त टेण्डरमा अनियमितता भएको भन्दै टेण्डर रद्द गरिदिएपछि जाडोको समयमा नेपाल प्रहरीका जवानहरूले ज्याकेट लाउन पाएका थिएनन् । निज भट्टको वामदेव गौतमसँग राम्रो सम्बन्ध भएको र आपूर्ति एवं वाणिज्यमन्त्री राजेन्द्र महातोलाई गौतममार्फत् दबाब दिएर ठेक्का दिइएको आपूर्ति मन्त्रालयका कर्मचारीहरूले बताएका छन् ।

सार्वजनिक नीति र ऐन अनुसार ठेक्क पट्टामा भरिसक्य पहिलो नम्बरमा आउने कम्पनीलाई दिनु पर्दछ, उ नभए दोस्रोले पाउनुपर्ने प्रावधानलाई पन्छाएर तेस्रो नम्बरमा परेको कम्पनी र नेशनल ट्रेडिङ कम्पनीलाई ८८ करोड ७० लाख घाटा पुऱ्याएर भट्टको कम्पनीलाई ठेक्क दिइनुले त्यहाँ आर्थिक लेनदेन रहेको रहस्य खुलेको छ । १ अर्ब ४० करोड रुपैयाँ दिन तयार भएको तुँदी कन्ट्रक्सन कम्पनीलाई पन्छाएर भट्टकै कम्पनीलाई त्यति धेरै घाटा सहेर ठेक्क दिइनुको रहस्य के ? निज भट्टले ५१ करोड ३० लाख रुपैयाँमा दिने टेण्डर परेकोमा त्यसैलाई सदर गरिएको हुनाले जाने बेलामा पनि मन्त्री महतोले संघसंस्थानलाई लुट्न पछि परेनन् भन्ने चर्चा चलेको छ । दोस्रो नम्बरमा रहेको युनाइटेड विल्डर्स भएपनि आर्थिक लेनदेनकै लागि मन्त्री महतोले सचिव पुरुषोत्तम ओभ्ना र ट्रेडिङका महाप्रबन्धक लक्षमण अग्रवालले करोडौं हजम गरेर संस्थालाई हानीनोक्सानी पुऱ्याएको हुनाले अख्तियार यस विषयमा टुलुटुलु हेरेर बस्न मिल्दैन भन्ने दाबी मन्त्रालय सूत्रको छ ।

## माडीमा...

त्यसपछि माधवकुमार नेपालको सरकार बन्यो । भ्रण्डै १४ महिनामा यो माकुने सरकारले पनि बाँदरमुढे हत्याकाण्डबारे बोलेन । संसद् संविधानसभा छ । संविधान लेख्ने नाममा १ सय ५० करोड भत्ता खाइसकेका २ वर्षे सभासदले १ मिनेट पनि यो हत्याकाण्ड बारे बोलेनन् । माडी बासीले भनेका छन् दोषी किटान भइसक्यो । हत्यारा खुलमखुल्ला हिड्छन जनतालाई धम्की दिन्छन्, गोली ठोकिदिउँ भन्छन् । न सुरक्षा छ, न राहत । बम विस्फोटमा जो बाँचेको थिए, तिनीहरू पनि विस्फोटको असरले धमाधम मर्न थालेका छन् । यो घटनामा पीडितले कहिले न्याय पाउने ? कसले तिनलाई न्याय दिने ? देशको ठूलो पार्टी माओवादी र त्यसका अध्यक्ष प्रचण्ड किन मौन ?

## अपहरण...

गरेर रामहरि हत्या काण्ड जस्तै डा.भक्तमान श्रेष्ठ अपहरण काण्ड पनि आर्थिक लेनदेनकै कारण भएको हो । पर्याप्त प्रमाण पउनसाथ यसबारे स्पष्ट पारिने छ । गृहमन्त्रीले फेरि पनि माओवादी तिरै आशंका गरेको छन् ।

अपहरणकाण्डमा माओवादीलाई मुछियो भनेर माओवादीले भण्डाफोर गर्छु भन्ने धम्की दिएको छ । माओवादीले चन्दा, अपहरण हत्या, आतंक फैलाउन छोडेको छैन । त्यसकारण डा.भक्तमान श्रेष्ठको अपहरण काण्डमा उसले के कस्तो भण्डाफोर गर्ला ? राजनीतिक र कुटनीतिक वृत्तमा चासो बढेको छ । आफूमाथि लागेको अरोपलाई अन्यतिर मोड्न र जनशंकालाई मत्थर पार्नमात्र माओवादीले भण्डाफेरको रणनीति अख्तियार गरेको दावी विज्ञहरूको छ । सरकार यसो भन्छ, भण्डाफोर गर्ने हो भने माओवादी अप्ठ्यारोमा पर्छ ।

## सुजातालाई...

सुजाताको ठूलो चित्त दुखाई छ यसमा !! गणेशमानलाई दिइएको भन्दा पनि ठूलो पदक दिनु पर्ने हो रे– गिरिजालाई !! परिवारवादलाई मात्र बढावा दिएका गणेशमान भन्दा भ्रष्टाचार, राष्ट्रघात, परिवारवाद अनि फरियावाद जस्ता 'वाद' मा सबैलाई उछिनेका गिरिजा 'ठूला' हुन (रे) सुजाताको भनाईमा । ( अबुभ्त) स्वदेशी एवं विदेशीहरूले गिरिजालाई त 'नोबेल पुरस्कार' नै पाउनुपर्नेहरूको कोटीमा राखेका छन् ( रे) सुजाताको भनाईमा । के भन्ने ? त्यसो त गत मंगलबार मात्र काठमाडौंमा के.भी. राजनको समुपस्थितिमा प्रम माधवले तिनै मुलुकमारा गिरिजालाई मरणोपरान्त कुनै एउटा 'शान्ति पुरस्कार' बाट सम्मानित (!) गरेका छन् । आफ्नो जीवनकाल भर भारत र भारतीयहरूका लागि काम गरेका गिरिजाप्रसादलाई के.भी. राजनहरूको उपस्थितिमा पुरस्कृत गर्नु आश्चर्यको कुरा न भएता पनि देश भक्त सर्वसाधारण नेपालीहरूलाई यसले ठूलो चित्त चै दुखाएको छ । मुलुकलाई यो भड्खालोमा पुऱ्याउने, शान्ति स्थापना गर्ने नाममा भ्रन् अशान्तिको बीऊ रोपेका मुलुकमारा त्यो गिरिजालाई त्यस्तो खाले (शान्तिको नाममा) पुरस्कार के का आधारमा दिइयो - आम नेपालीहरूको यस्तो प्रश्न छ । के गर्ने ? अँधेर नगरी भएपछि ।... चारैतिर भारतीय विस्तारवादका दलालहरू भएपछि..!! ...सहनै पऱ्यो !! खैर, गिरिजाले मरणोपरान्त 'शान्ति पदक' पाए, सुजाता मैयाँ पनि खुशी नै देखिन्थिइन । अब धेरैले सोध्लान कि, त्यो आईलागेको दुईटा 'साँढे'हरूलाई सुजाताले के 'गरिन' भनेर ? त, त्यो दुईटा 'साँढे' लाई सुजाता मैयाँले आफूसँग चै राखिनन् है ( किन भने उनीसँग ति भन्दा मोटाघाटा 'साँढे' धेरै छन् होला) त, उनले ति दुईटा 'साँढे'हरूलाई कृषि मन्त्री मृगेन्द्र सिंह मार्फत सर्लाहिमा रहेको कुनै एउटा गायत्री समाजमा रहेको 'गाई'हरूका लागि भनेर पठाई दिइन- समाचारमा जनाइए अनुसार । ...जय होस् !! सुजाता मैया की !! ....भन्नुपर्दा 'साँढे', 'गाई'हरूको 'समस्या' सुजाता मैयाँ भन्दा बढी अरु कसलाई थाहा होला र ? होइन त ?

# टिके सभाषद्ले बनाएको संविधानको अर्थ के ?

काठमाडौं / विगत एकवर्ष देखि आन्दोलनमा रहेको एकीकृत नेकपा माओवादीले फेरी अन्य दलहरूलाई लालीपप देखाउन थालेको छ । प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकार गठन भएदेखि नै माकुने सरकारलाई कठ्पुतली सरकार र रिमोट कन्ट्रोलबाट सञ्चालन भएको सरकार भन्ने आरोप लगाउँदै संसद्देखि सडकसम्म आन्दोलन गरेपनि हात लाग्यो शुन्य भएपछि अर्को बल्छी हाल्न थालेको छ । पहिला आन्दोलन गर्दा आफ्नै नेतृत्वमा सहमतिको सरकार बनाउनु पर्छ भन्ने माओवादीले अहिले आफ्नो नेतृत्वमा सरकार गठन हुननसकेको खण्डमा उ नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने पहलमा समेत लागेको हुनाले वर्तमान सत्ता समिकरणले अर्को रुप लिनसक्ने अवस्था सिर्जना भएको छ । मुलुकका तीन ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादी मिलेको खण्डमा संविधानसभाको दुई तिहाइ पुग्ने भएपनि खास गरेर नेकपा एमाले र माओवादीबीचको द्वन्दले गर्दा तीनै दल एकठाउँमा बस्न सक्नेअवस्था छैन ।

संविधानसभाको चुनाव अघि मुलुकमा उत्पन्न भएका समस्याहरूको पहिचानै नगरी सबै समस्याहरूलाई थाँती राख्दै चुनाव सम्पन्न गरिएको हुनाले अहिले समस्यानै समस्या थपिएका हुन् । मध्यरातमा टिके सभासषहरूले मुलुकलाई संघीयतामा लैजाने, राजतन्त्रको अन्त्य गर्ने र धर्मनिरपेक्ष राज्य घोषण गरेको हुनाले त्यही नै समस्याको जड हो । मुलुकलाई दुरगामी असर पर्ने प्रत्येक मुद्दाका बारेमा जनताको राय बुभ्र्ने विश्व व्यापी मान्यतालाई दलहरूले उल्लंघन गरेको हुनाले मुलुकका समस्या समाधान हुन नसकेका हुन् । संविधानसभाले जनताबाट पाएको म्याण्डेट भित्र संविधान निर्माण गर्न नसकेपछि दलहरू बीच उत्पन्न भएका विषयहरूका बारेमा जनाताको राय लिएको भए त्यसले वैधानिकता प्राप्त गदर्थ्यो र संविधान सभाले पनि नयाँ उर्जा र शाक्ति पाउँथ्यो । तर त्यसो गर्न दलहरू असफल भए । आफ्नो पदावधि आफैं थपे, पहिला नै आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरेको संविधानसभाले कस्को आदेशमा मध्यरातमा आफ्नो पदाधि लम्बायो । यसले गर्दा अब टिके सांसदहरूले बनाएको संविधान नेपाली जनता स्वीकार गर्न बाध्य छैनन् । आफ्ना प्रतिनिधिहरू नभैकन वनाइएको संविधानको औचित्य के ?

संविधानसभाले आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउनैको लागि नाटक मञ्चन गरेर मध्यरातमा संविधानसभाको पदावधि लम्वायो, आफूलाई प्रजातान्त्रिक भन्ने र प्रजातन्त्रको ठेकेदार हुँ भने नेपाली कांग्रेस समेत चुनावमा जान चाहेन बरु उसले टिके सांसद् हुन आफ्ना सभाषदहरूलाई निर्देशन जारी गऱ्यो । प्रधानमन्त्रीको राजीनामा बहेक अन्य शर्तमा संविधान सभाको पदावधि थप्न नदिने अडानमा रहेको एकीकृत माओवादीले मध्यरातमा उधरो पत्रमा सहमित गरेर संविधान सभाको पदावधि थप्न सहमत हुनुले यी तीनै ठूला दलहरू आफ्नो स्वोविवेकी निर्णयमा नभएर कसैको निर्देशनमा कार्य गरी रहेका छन् भने प्रमाणित हुँदै गएको छ । यसरी मुलुक अब नेपाली जनताले सञ्चालन गर्ने नभएर नेपाली जनताको नाममा विदेशीशहरूले सञ्चालन गर्न थालेको छन कि भन्ने जनतामा त्रास बढेको हुनाले अब सच्चा जनताप्रति समर्पित व्यक्तिहरू राष्ट्रघात र जनताका अधिकार खोस्ने व्यक्तिहरूका विरुद्ध उत्रनै पर्ने चर्चा चल्न थालेको छ ।

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद् भविष्यलाई सुनिश्चित गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

SINCE 1890
San Miguel BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर